# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. १४१/२०७३/०७४

निर्णय नं. २२

जिल्ला जुम्ला, हाल सितापाईला, काठमाडौंका अंगराज भारती ......................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, सिभिल बैंक लि. केन्द्रीय कार्यालय, काठमाडौं ......................................१ विपक्षी
सूचना अधिकारी, सिभिल बैंक लि. केन्द्रीय कार्यालय, काठमाडौं ......................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनु ।

जिल्ला जुम्ला, हाल सितापाईला, काठमाडौंका अंगराज भारतीले सिभिल बैंक लि. केन्द्रीय कार्यालय, काठमाडौं समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०५।०६ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी सिभिल बैंक लि. केन्द्रीय कार्यालय, काठमाडौंको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. बिपन्न बर्गमा बैंकले वा अन्य बित्तीय संस्था मार्फत के कसरी कर्जा प्रवाह भएको छ ? सोको बिबरण ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल भाद्र १५ गते रोज ४ शुभम् ।